जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

जोशीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः१ मितिः २०८२/११/२७

भाग-२

जोशीपुर गाउँपालिका

## जोशीपुर गाउँपालिका
## नदीजन्य पदार्थ उत्खनन् नियमन तथा जलचर संरक्षण आचार संहिता, २०८२

**प्रस्तावना**

जलचर तथा जलीय जैविक विविधताको संरक्षण गर्दै नदीजन्य पदार्थहरुको उत्खनन्, सङ्कलन कार्यलाई थप व्यवस्थित र दिगो व्यवस्थापन एवं सदुपयोग गर्नु बान्छनीय भएकाले वातावरण संरक्षण तथा नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धि विद्यमान कानूनहरुको मर्म र भावना अनुरुप स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम जोशीपुर गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् नियमन तथा जलचर संरक्षण आचार संहिता, २०८२ जारी गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस आचार संहिताको नाम "जोशीपुर गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् नियमन तथा जलचर संरक्षण आचार संहिता २०८२" रहेको छ।

(२) यो आचार संहिता जोशीपुर गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

(३) यो आचार संहिता स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

"ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

"नदी" भन्नाले नदी, खोला, नाला, खहरे, नहर, कुलो, मूल र तिनीहरुको स्रोत समेत सम्झनु पर्दछ।

"नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिने ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा, भरान र माटो जस्ता साधारण निर्माणमुखी पदार्थ सम्झनु पर्दछ।

"वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसवाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा वातावरण संरक्षण ऐन २०७६, प्रचलित प्रदेश कानून तथा स्थानीय कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वा वातावरणीय प्रभाव मुल्यांकन सम्झनु पर्दछ।

"वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वा वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्दछ।

"जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनु पर्दछ।

"वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

"संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

"गाउँपालिका" भन्नाले जोशीपुर गाउँपालिका सम्झनु पर्दछ।

"कार्यपालिका" भन्नाले जोशीपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

"घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ।

"परिमाण" भन्नाले घाटगद्दीमा रहेका नदीजन्य पदार्थको परिमाण सम्झनु पर्दछ।

"व्यवसायी" भन्नाले गाउँपालिकाबाट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी तथा विक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ।

"उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग र स्क्रीनिङ्ग प्लाण्ट सहितको क्रशर उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ।

"कामदार" भन्नाले इजाजत प्राप्त व्यवसायीले नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी, ढुवानी गर्ने कार्य वा सो कार्यको निमित्त प्रयोग भएको घर, जग्गा वा मेशिनरी वा त्यसको कुनै भागमा कार्य गर्ने वा त्यस्तो कार्यसँग सम्वन्धित काम वा अरु कुनै आकस्मिक काम गरे वापत पारिश्रमिक दिई काम लगाइएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दैनिक ज्यालादारी, ठेक्का वा करार अन्तर्गत काम गर्ने कामदारलाई समेत जनाउँछ।

"स्थानीय अनुगमन समिति" भन्नाले यस आचार संहिताको दफा १६ बमोजिमको स्थानीय अनुगमन समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद- २

## नदीजन्य पदार्थहरुको उत्खनन्, सङ्कलन

### ३. वातावरणीय अध्ययन

(१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री गर्नु अघि गाउँपालिकाले प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गराउनु पर्दछ।

(२) वातावरणीय अध्ययन गर्दा नदीजन्य पदार्थ उपलव्ध रहेका हरेक साइटमा १०*१० मिटरको ग्रिडको नक्सांकन गरिनु पर्दछ। जस अनुसार उक्त ग्रिडमा भएको नदीजन्य पदार्थको आकलन गरी उत्खनन्, सङ्कलनका लागि प्रस्ताव गरिनु पर्दछ। सम्पूर्ण ग्रिडको नक्सा तथा उत्खनन्, सङ्कलन परिमाण सहितको विवरण वातावरणीय अध्ययन प्रतिवेदनमा अनिवार्य रुपमा समावेश गरिनु पर्दछ।

(३) गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्दछ।

**४. नदीजन्य पदार्थ उत्खनन् वा संकलनका लागि क्षेत्र निर्धारण**

(१) गाउँपालिकाले सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्न पाइने छैन साथै नदीजन्य पदार्थको सङ्कलन, प्रसोधन, भण्डारण गर्दा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) मापदण्ड २०७९, सुदुरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ मा उल्लेख भए बमोजिमको दुरी सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ।

(२) गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नु पर्दछ।

(क) नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययनले तोकेका स्थान तथा क्षेत्रहरू

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी, गेग्रान, बालुवा र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिशका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सिमांकन सहित तोकेका स्थानहरू

(ग) सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाबाट निर्णय भै अनुमति/इजाजत प्रदान गरिएको क्षेत्र

(घ) दर्ता पूर्जा कायम भएको नीजि जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुङ्गा, गिट्टी, बालुवा र माटोजन्य पदार्थ हटाउनु पर्दा कार्यपालिकाले तोकेको क्षेत्र

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(ङ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग संचालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएका क्षेत्र

**५. नदीजन्य पदार्थ उत्खनन् वा सङ्कलनका लागि कार्ययोजना बनाउने**

(१) गाउँपालिकाले देहायका कुराहरु समावेश गरी अनुसूची ४ बमोजिमको नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी र विक्री वितरण सम्बन्धी वार्षिक कार्ययोजना बनाउनु पर्दछ।

(क) संवेदनशीलताका आधारमा उत्खनन् र सङ्कलन गर्न हुने र नहुने क्षेत्र।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण।

(ग) भण्डारण वा घाटगद्दी स्थल।

(घ) विक्री वितरणको प्रक्रिया।

(ङ) संकलनको विधि र प्रयोग हुने मेशिनरी औजार।

(च) प्राप्त हुने अनुमानित आम्दानी।

(२) नदीजन्य पदार्थ उत्खनन् वा सङ्कलनका लागि तयार गरिएको कार्ययोजना दफा १६ बमोजिमको स्थानीय अनुगमन समितिबाट फिल्ड निरीक्षण गराई लिखित प्रतिवेदन लिई कार्यपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ।

(३) कार्ययोजना प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त सम्म कार्यपालिकामा पेश गर्नु पर्नेछ। तर, पहिलो वर्षको लागि मार्ग मसान्त सम्ममा कार्ययोजना पेश गर्न बाधा पर्नेछैन।

**६. ठेक्का बन्दोबस्ती**

(१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, विक्री तथा ढुवानी ठेक्का वन्दोवस्त गर्दा उपलव्ध परिमाणको आधारमा वार्षिक रुपमा गर्नु पर्दछ।

(२) प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपुर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्नु पर्दछ।

(३) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पुर्व अनुसूची १ बमोजिमको चेकलिस्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का वन्दोवस्त गर्नु पर्दछ।

(४) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रको स्थान, उत्खनन्, सङ्कलन हुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यदिश दिनु पर्नेछ।

(५) वन क्षेत्रबाट नदीजन्य पदार्थ सङ्कलन गर्दा गाउँपालिकाले ठेक्का अनुसारको शुल्क र सोमा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित उत्खनन् गर्ने स्थान, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, घाटगद्दि स्थल आदिको पूर्ण विवरण खुलाई सम्बन्धित वन कार्यालयसँग वन प्रवेश इजाजत माग गर्नुपर्नेछ र वन कार्यालयबाट माग भए बमोजिमको इजाजत प्राप्त भएपछि गाउँपालिकाले वन प्रवेश इजाजतमा उल्लेखित शर्तहरुको प्रावधान समेत समावेश गरी व्यवसायीसँग सम्झौता गरी कार्यदिश दिनु पर्नेछ।

(६) कार्यदिश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन, र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ। गाउँपालिकाबाट अनुमति लिएका सवारी साधनहरु मात्र उत्खनन् र ढुवानी कार्यमा प्रयोग गर्न पाईनेछ र परिवर्तन गर्नुपरेमा गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(७) उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदिको प्रवन्ध सम्बन्धित उत्खनन्, सङ्कलन तथा ढुवानीकर्ताले मिलाउने गरी ठेक्का वन्दोवस्त गर्नु पर्दछ।

**७. नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन**

(१) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए अनुरुप तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन् र सङ्कलन नहुने गरी कार्ययोजना स्वीकृत गरि सोही गर्नु पर्नेछ।

(२) उत्खनन् र सङ्कलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, अनुगमन समितिले दिएका निर्देशनहरू समेतको पालना गर्नु पर्दछ।

(३) वातावरणीय अध्ययन प्रतिवेदनले निषेध गरेको अवधि भर नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्ने कार्य गर्न गराउन पाइने छैन।

(४) नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्त सम्मको समयमा मात्र गर्नु पर्नेछ।

(५) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ। तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ।

(६) नदीजन्य पदार्थ उत्खनन् गर्ने क्रममा इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक, ऐतिहासिक वस्तु फेला परेमा तत्काल गाउँपालिकामा बुझाउनु पर्नेछ र गाउँपालिकाले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(७) चुरेक्षेत्रमा पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र विक्री वितरण गर्दा तोकिएको कार्यविधि र मापदण्ड लागु हुनेछ।

(८) उत्खनन् गरी सकेपछि छनोट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोहि स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नु पर्नेछ।

(९) यस आचार संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भई स्थानीय बासिन्दाको अनुरोध भई आएमा सम्बन्धित वडाको सिफारिसमा गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिको स्वीकृतिमा तोकिएका मेशिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ।

(१०) नदीजन्य पदार्थ निकाल्दा कार्ययोजनामा उल्लेख भए बाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्रबाट उत्खनन्, सङ्कलन गरेको कारण सो स्थानलाई पूर्ववत् अवस्था कायम गर्नु परेमा प्राकृतिक स्रोत राजश्व अनुगमन समितिले सिफारिसमा सोको लागि लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरी पूर्ववत् अवस्थामा ल्याईनेछ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(११) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी गाउँपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि संवेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनमा रोक लगाउन सक्नेछ।

## ८. सङ्कलन भण्डारण र घाटगद्दी

(१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्दी इजाजत दिनु भन्दा पहिले गाउँपालिकाले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नुपर्नेछ। संकलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नुपर्नेछ।

(२) घाटगद्दी स्थान छनौट गर्दा उत्खनन्, सङ्कलन स्थलबाट न्यूनतम एक सय मिटरको दुरी कायम गर्नु पर्नेछ। वनक्षेत्र, वन्यजन्तु आवत जावत गर्ने स्थान, जैविक विविधताका हिसावले महत्वपूर्ण स्थान, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्दी गर्न पाइने छैन।

(३) सम्झौतामा तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन। तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन। तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा जरिवाना गरिनेछ।

(४) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ।

(५) कार्यदिश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले विक्री गर्न पाउने छैन। विक्री गरेको पाइएमा गाउँपालिकाले जरिवाना गरी ठेक्का रद्द गर्न सक्नेछ।

(६) स्थानीय अनुगमन समिति र राजश्व परामर्श समितिले नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ।

अमित कुमार साह
प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(७) सम्झौता बमोजिम नदी, खोला, खहरे, खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गतेभित्र व्यवसायीले गाउँपालिकामा पठाउनु पर्नेछ।

९. घाटगद्दि स्थलबाट नदीजन्य पदार्थको विक्री

(१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ र गाउँपालिकाले राजश्व परामर्श समितिबाट जाँच गराउनु पर्नेछ। उक्त कार्य व्यवसायीबाट निवेदन परेको सात दिन भित्र गराई सक्नुपर्नेछ।

(२) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्दा सम्झौता र प्रचलित कार्यविधि प्रतिकूल भए नभएको प्राकृतिक स्रोत राजश्व अनुगमन समितिको प्रतिवेदनमा खुलाउनु पर्नेछ।

(३) अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले गाउँपालिकाबाट विक्री अनुमति लिई घाटगद्दीबाट नदीजन्य पदार्थ विक्री गर्न पाउने छ।

(४) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गरेको पाइए राजश्व परामर्श समितिले त्यस्तो परिमाणको मूल्याङ्कन गरी कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ।

१०. निजि तथा सार्वजनिक जग्गाबाट उत्खनन्, सङ्कलन

(१) निजी तथा सार्वजनिक जग्गामा जम्मा हुन गएको नदीजन्य पदार्थ, पोखरी उत्खन्न, कृषी कार्यका लागी जग्गा मिलान लगायत कुनै प्रकारको उत्खनन्, सङ्कलन कार्य गर्नु परेमा वा स्थानीय उपयोगका लागि उत्खन्न, सङ्कलन कार्य गर्नु परेमा उत्खन्न, सङ्कलन गरिने जग्गा र उत्खनन्, सङ्कलन गरिने परिमाणको वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट अध्ययन प्रतिवेदन स्वीकृत गरेको हुनु पर्नेछ र सो क्रममा सधियारहरुको सहमति र सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाबाट निर्णय भै अनुमति/इजाजत प्राप्त गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाबाट अनुमति/इजाजत प्राप्त स्थानीय व्यक्ति, संघ, संस्थाले सो जग्गाको उत्खनन्, सङ्कलनबाट प्राप्त हुने नदीनज्य पदार्थ गाउँपालिकाले तोके अनुसारको राजश्व रकम दाखिला गरी विक्री वितरण गर्न पाईने छ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(३) निजी जग्गाको उत्खनन्, सङ्कलनबाट प्राप्त हुने नदीजन्य पदार्थ घाटगद्धी नगरी सिधै विक्री वितरण गर्न पाईने छ। तर विक्री गरेको परिमाणको लगत गाउँपालिकाले तोकेको ढाचाँमा तयार गरी सासाहिक रुपमा गाउँपालिकामा पेश गर्नुपर्ने छ।

११. ढुवानी तथा ओसार पसार

(१) गाउँपालिकाले उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग तोक्नु पर्नेछ। यसरी तोकिएका मार्गमा उत्खनन् तथा सङ्कलन कार्यका लागि साधन सहित प्रवेश गर्दाका बखत प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नु पर्नेछ।

(२) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ।

(घ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन। नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन।

(ङ) ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने साधनको तौलका सम्वन्धमा गाउँपालिकाले विशेष व्यवस्था गरी उच्च भार नियन्त्रण गर्न सक्नेछ।

(च) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको तथा वस्तीहरूमा द्रुत गतिमा ढुवानीका साधन चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने छैन।

(३) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ।

१२. उत्खनन् वा सङ्कलनको परिमाण नियन्त्रण

कुमार साह
अधिकृत

(१) गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन उत्खनन् वा सङ्कलन आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखांकनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्दछ।

(२) गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन् वा सङ्कलन र विक्रीको अवस्थाको नियमित अनुगमन गर्नु पर्दछ र वर्षको कम्तिमा तीन पटक जिल्ला अनुगमन समिति समेतको रोहबरमा घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्दछ।

(३) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाइएमा जिल्ला अनुगमन समितिले थप उत्खनन् वा सङ्कलन कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ। यसरी निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा सङ्कलन कार्य तुरुन्त बन्द गराउनु पर्दछ।

**१३. वातावरणीय पुनः स्थापना**

(१) उत्खनन् क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवद्र्धन, तटबन्ध निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू तथा जलाधार संरक्षण जस्ता पुनस्र्थापनाका कार्यहरु गर्न गाउँपालिकाले योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(२) नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला "नदी र आसपासका क्षेत्रको भू-बनौट, प्राकृतिक सुन्दरता" वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न गाउँपालिकाले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद- ३

## जलचर तथा जैविक विविधताको संरक्षण

**१४. जलचर संरक्षण**

(१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले नदी वा तालमा कुनै किसिमको विधुतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गराउनु हुँदैन।

(२) गाउँपालिकाबाट इजाजत प्राप्त व्यक्तिले जलचर समात्ने वा मार्ने अभिप्रायले पथरैया नदीमा जालको प्रयोग गर्दा जालको आँखाको आकार (साइज) चार सेन्टिमिटर (चालिस मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) वा सो भन्दा ठुलो प्वाल भएको जाल, चेउंदी (चौंदी), महाजाल, तथा करेण्ट जाल (गिल नेट) प्रयोग गर्नु हुँदैन।

(३) गाउँपालिकाबाट इजाजत प्राप्त व्यक्तिले जलचर समात्ने वा मार्ने अभिप्रायले काँडा, घैला नदी बाहेक अन्य नदी वा खोलानालामा जालको प्रयोग गर्दा जालको आँखाको आकार (साइज) दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठुलो प्वाल भएको जाल, चेउंदी (चौंदी), महाजाल, तथा करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गर्नु हुँदैन।

(४) जलचर समाउनका लागि घन हान्ने, दुवाली बुझ्ने, थुन्ने वा फर्काउने, पटेलो थाप्ने, डोजर जस्ता मेसिनको प्रयोग गरी नदीको धार फर्काउने जस्ता तरिका, माध्यम वा औजार प्रयोग गर्न तथा रात्रीको समयमा माछा समात्न वा मार्न पाइने छैन।

(५) सहर जस्ता माछाले फुल पर्ने जेष्ठ, असाढ र श्रावण महिनामा माछा वा जलचर समाउन वा पक्रन पाइने छैन।

(६) कसैले पनि जलचर समात्न वा मार्नका लागि विषालु पदार्थ, विषादी, व्याट्री, जालको आँखाको आकार (साइज) दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठुलो प्वाल भएको जाल, चेउंदी (चौंदी), महाजाल, तथा करेण्ट जाल (गिल नेट) पैठारी वा खरिद बिक्री गर्न वा गराउन पाइने छैन।

(७) नदीजन्य पद्दार्थको उत्खनन्, सङ्कलन, प्रसोधन, भण्डारण, ढुवानी कार्यको क्रममा वा सो कार्यमा संलग्न कामदारहरुले जलचर संरक्षणका लागि नदीमा राखिएका मतस्य भर्याङ्ग, बाँध तथा अन्य कुनै किसिमको सरचनाको ढोकालाई थुन्न वा भत्काउन पाइने छैन।

(८) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, प्रसोधन, भण्डारण, ढुवानी कार्यको क्रममा वा सो कार्यमा संलग्न कामदारहरुले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथासक्य कम निष्कासन गर्नु पर्नेछ र फोहोरबाट निस्किने दुषित पानी, फोहोरबाट रसाएर निस्किने दुषित पानि (लिचेट), सवारी

साधनमा प्रयोग हुने डिजेल/मोबिल/ग्रीस जस्ता तैलिय पदार्थ सोझै नदीमा चुहावट वा विसर्जन गरी नदी प्रदुषण गर्न गराउन पाइने छैन।

(९) ताल, तलैया, पोखरीमा पालेका स्थानीय जातका वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा, लगायत अन्य जलचर नदी, खोलानाला वा सिमसारमा छाड्न वा निष्काशन गर्न पाइने छैन।

(१०) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदी पुरै वा आंशिक भाग वा कुनै क्षेत्र वा तोकिएको स्थान वा याम, ऋतु, महिनामा माछा र अन्य जलचर समात्न वा चोट पुर्याउन नपाउने आदेश गर्ने वा त्यस्ता क्रियाकलापहरुमा प्रतिवन्ध लगाउने वा त्यस्ता क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा तथा कायम गर्न सक्नेछ।

(११) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाती वा महत्वका जलीय स्तनधारी जीव, घस्रने प्राणी, ओत, डल्फिन, गोही, शंखे किरा, माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति तोक्न सक्नेछ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, ओत, डल्फिन, गोही, शंखे किरा, माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति र अन्य जलचर समात्न, मार्न तथा चोट पुर्याउन वा क्षति हुनसक्ने कुनै पनि क्रियाकलाप गर्न सक्नेछ।

**१५. जैविक विविधताको संरक्षण**

(१) गाउँपालिका र व्यवसायीले नदीजन्य पदार्थ उत्खनन् वा सङ्कलन गर्ने क्रममा नदी वरिपरी भएका वनस्पति, वन्यजन्तु, चराचुरुंगी, सरिसर्प, जलचर लगायतको वासस्थान, आवागमन/विचरण र जैविक विविधतामा हानीनोक्सानी वा कुनै किसिमको असर गर्ने कुनै कार्य नगर्न/नगराउन उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारहरूलाई प्रतिवन्ध लगाउनु पर्दछ।

(२) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारहरू नदी वरिपरी भएका वनस्पति, वन्यजन्तु, चराचुरुंगी, सरिसर्प, जलचर लगायतको वासस्थान, आवागमन/विचरण र जैविक विविधतामा हानी नोक्सानी वा कुनै किसिमको असर गर्ने कुनै कार्यमा संलग्न भएमा वा चोरी सिकारी वा ओसार पसार वा समात्ने, मर्ने तथा चोट पुर्याउने वा क्षति गर्ने जस्ता कार्यमा सङ्लग्न रहेको पाइएमा गाउँपालिकाले उत्खनन् वा सङ्कलन कार्य तुरुन्त बन्द गराउनु पर्दछ।

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

(३) गाउँपालिकाले नदीजन्य पदार्थ वा परम्परागत रुपमा माछापालनमा आश्रित समुदायका लागि वैकल्पिक आयआर्जनका कार्यक्रमहरू संचालन गर्नु पर्दछ।

(४) गाउँपालिका र व्यवसायीले नदी वरिपरिको क्षेत्रमा जैविक विविधताको संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्नु पर्दछ।

## परिच्छेद- ४

## अनुगमन

### १६. स्थानीय अनुगमन समिति

(१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण तथा जलचर एवं जैविक विविधता संरक्षण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन्, स्वीकृत मापदण्ड र कार्यविधिहरुको पालना एवं गुणस्तर सुनिश्चित गर्न गाउँपालिकाले गाउँपालिका अध्यक्षको संयोजकत्वमा स्थानीय अनुगमन समिति गठन गर्नेछ।

(२) स्थानीय अनुगमन समितिको कार्यविवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(३) गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले उत्खनन् वा सङ्कलन गरिने स्थानको लम्बाई, चौडाई, तथा गहिराई सहितको चारकिल्ला, उत्खनन् वा सङ्कलनको गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने गरी अनुसूची - २ बमोजिमको सूचनापाटी सम्बन्धित उत्खनन् वा सङ्कलन स्थानमा अनिवार्य रुपमा राख्नु पर्दछ।

(४) गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन वा ढुवानी सम्बन्धि कुनै गुनासो परेमा सो गुनासो व्यवस्थापनका लागि गुनासो व्यवस्थापन संयन्त्र मार्फत गुनासो व्यवस्थापन गर्नु पर्दछ।

### १७. निषेधित कार्यहरु

(१) यस आचार संहिता बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ।

(क) प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न



...ित कुमार साह
...ीय अधिकृत

(ख) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न

(ग) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका शर्त उल्लंघन गर्न

(घ) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन्, सङ्कलन र प्रशोधन गर्न

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ गरि उद्योग सञ्चालन गर्न

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन्, सङ्कलन तथा विक्री वितरण गर्न र स्वरुप परिवर्तन हुनेगरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न

(ञ) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्ने कार्य असाढ देखि भाद्र महिनाको मसान्त सम्म गर्न

(ट) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्ने कार्य सुर्योदय देखि सूर्यास्त बाहेकको समयमा गर्न

(ठ) वन्यजन्तुको वासस्थान, आवागमन/विचरण र जैविक विविधतामा हानीनोक्सानी वा कुनै किसिमको असर गर्ने कुनै कार्य गर्न

(ड) वनक्षेत्र, वन्यजन्तु आवत जावत गर्ने स्थान, जैविक विविधताका हिसावले महत्वपूर्ण स्थान, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्दी गर्न

(ढ) बालबालिकालाई श्रमिकको रुपमा प्रयोग गर्न

अमित कुमार साह
प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(ण) उत्खनन् र सङ्कलन कार्य गर्दा नदीको वहाव परिवर्तन हुने साथै सिचाई प्रणाली लगायत संरचनालाई असर हुने कुनै कार्य गर्न

(त) नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न

(थ) नदीको हालको उच्चतम वहाव क्षेत्र भित्रको वगरबाट बाहेक अन्यत्र नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्न

(द) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्दा विधमान पानीको सतहबाट दुवै तिर कम्तिमा १०/१० मिटरसम्म कुनै पनि नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्न

(ध) नदीको धार नै परिवर्तन हुने गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्न

(न) नदीमा पानिको सतह भन्दा गहिरो हुने गरी नदीवगर बाट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्न

(प) वातावरणीय अध्ययन प्रतिवेदनले निषेध गरेका कार्यहरु गर्न।

## परिच्छेद- ५

## विविध

**१९. आचार संहिताको पालनाः** (१) यस आचार संहिताको पालना गर्नु गराउनु गाउँपालिका तथा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, ढुवानीमा संलग्न उधोग, व्यवसायी, कामदार र अन्य सरोकारवाला निकाय सबैको कर्तव्य हुनेछ।

**२०. सजायः** (१) यस आचार संहिता बमोजिमका निषेधित कार्य वा आचार संहिता वर्खिलाफ हुने कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ।

**२१. थपघट तथा हेरफेरः** (१) यो आचार संहिता आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

६६

सुमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

**२२. बाधा अड्काउ, फुकाउः** (१) यस आचार संहिताको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) यस आचार संहिताले गरेको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य र बदर हुनेछ।

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- १

### नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिस्ट

| क्र. सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १. | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरू अनुसारको व्यवस्था | | |
| २. | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरू परिवर्तन भएको | | |
| ३. | ढुङ्गा, गिट्टी, बालुवा, गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४. | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५. | नदीले वहाव परिवर्तन गरेको | | |
| ६. | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका पहिलेको अवस्था | | |
| ७. | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८. | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९. | उत्खनन् गरिने परिमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १०. | अन्य | | |

## अनुसूची- २

### उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. नदी वा खोलाको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परिमाण घनफिट/घनमिटरमाः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६. उत्खनन् गर्ने अवधिः २०.. /. . /. . गते बाट २०.. /. . /. . भित्र

७. कुनै गुनासो वा थप जानकारीको लागि जोशीपुर गाउँपालिकाको देहायको ठेगानामा सम्पर्क गर्ने

गुनासो सुन्ने अधिकारीको नामः

सम्पर्क फोनः

ठेगानाः जोशीपुर गाउँपालिका, कार्यपालिकाको कार्यालय

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-३

### नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गरिने स्थानहरुमा राख्नु पर्ने आचार संहिता बमोजिम गर्न हुने र नहुने कार्यहरुको सारांश

| गर्नु पर्ने कार्य |
|---|
| ⇒ नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन स्थानको लम्बाई, चौडाई, तथा गहिराई सहितको चारकिल्ला, उत्खनन् वा सङ्कलनको गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने गरी सूचनापाटी सम्बन्धित उत्खनन् वा सङ्कलन स्थानमा अनिवार्य रुपमा राख्नु पर्ने |
| ⇒ नदीको हालको उच्चतम वहाव क्षेत्र भित्रको वगरबाट मात्र नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने |
| ⇒ नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्त सम्मको समयमा मात्र गर्नु पर्ने |
| ⇒ नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्ने तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा पुर्व स्वीकृति लिएर तोकिएको शर्त र सीमा भित्र रही गर्नुपर्ने |
| ⇒ नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट बाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्ने |
| ⇒ गाउँपालिका र व्यवसायीले नदी वरिपरिको क्षेत्रमा जैविक विविधताको संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने |
| ⇒ उत्खनन् क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवद्र्धन, तटबन्ध निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू तथा जलाधार संरक्षण जस्ता पुनरुस्थापनाका कार्यहरु गर्न गाउँपालिकाले योजना बनाई कार्यान्वयन गर्नुपर्ने |
| ⇒ नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदिको प्रवन्ध सम्बन्धित उत्खनन् सङ्कलन तथा ढुवानीकर्ताले मिलाउने गरी ठेक्का वन्दोवस्त गर्नुपर्ने |

## गर्न नहुने कार्य

⇒ अनुमति नलिई वा अनुमति बर्खिलाफ वा अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, संकलन, भण्डारण र प्रशोधनको कार्य नगर्ने

⇒ सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन नगर्ने

⇒ नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्ने कार्य असाढ देखि भाद्र महिनाको मसान्त सम्म नगर्ने

⇒ वनक्षेत्र, वन्यजन्तु आवत जावत गर्ने स्थान, जैविक विविधताका हिसावले महत्वपूर्ण स्थान, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्दी नगर्ने

⇒ पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन नहुने

⇒ नदीजन्य पद्रार्थ ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको तथा वस्तीहरूमा द्रूंत गतिमा ढुवानीका साधन चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न नपाइने

⇒ नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् कार्य गर्दा नदीको वहाव परिवर्तन हुने साथै सिचाई प्रणाली लगायत संरचनालाई असर हुने, नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य नगर्ने

⇒ कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले नदी वा तालमा कुनै किसिमको विधुतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न नपाइने

⇒ जलचर संरक्षणका लागि नदीमा राखिएका मतस्य भर्याङ्ग, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन नपाइने

⇒ नदीजन्य पदार्थ उत्खनन् वा सङ्कलन गर्ने क्रममा नदी वरिपरी भएका वनस्पति, वन्यजन्तु, चराचुरुंगी, सरिसर्प, जलचर लगायतको वासस्थान, आवागमन/विचरण र जैविक विविधतामा हानीनोक्सानी वा कुनै किसिमको असर गर्ने कुनै कार्य नगर्ने

⇒ सहर जस्ता माछाले फुल पर्ने जेष्ठ, असाढ र श्रावण महिनामा माछा वा जलचर समाउन वा पक्रन नपाइने

⇒ बालबालिकालाई श्रमिकको रुपमा प्रयोग नगर्ने

अनुसूची-४

## नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी र बिक्री वितरण सम्बन्धी वार्षिक कार्ययोजना खाँका

*(दफा ५ को उपदफा १ सँग सम्बन्धित)*

........गाउँपालिका/कार्यपालिकाको कार्यालय

### नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्दी र बिक्री वितरण सम्बन्धि वार्षिक कार्ययोजना

आ.व. ...............

| क. स. | नदीको नाम | सङ्कलन/ उत्खनन् क्षेत्र | ठेगाना | नदीजन्य पदार्थको नाम | सङ्कलन/ उत्खनन् साइट | सम्बन्धित घाटगद्दी वा भण्डारण स्थल | सङ्कलन गर्न सकिने परिमाण (घ.मि.) | बिक्रि दर (रुपैयाँ) | संकलनको विधि | प्रयोग हुने मेशिनरी औजार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| वार्षिक सङ्कलन/उत्खनन् परिमाण | | | | | | | | | | | |
| दैनिक सङ्कलन/उत्खनन् परिमाण | | | | | | | | | | | |
| अनुमानित आम्दानी (रु.) | | | | | | | | | | | |

नोटः १) सङ्कलन/ उत्खनन् गरिने साइट जि.पि.एस. अवस्थिति सहितको सर्भे नक्शा यसै योजना सँग संलग्न गर्ने ।

२) सङ्कलन/ उत्खनन् कार्यमा लाग्ने लागत (कामदार/मेसिन कार्य दिन, ढुवानीको साधनको भाडा या इन्धन, घाटगद्दी /भण्डारण स्थलको भाडा आदि) समेटी लागत अनुमान समावेश गर्ने ।

३) वातावरणीय व्यवस्थापन योजना र अनुगमन योजना वातावरणीय अध्ययन प्रतिवेदन अनुरुप कार्यान्वयन गराउने

आज्ञाले

अमित कुमार साह

प्रमुख प्रशासकिय अधिकृत

अमित कुमार साह

प्रमुख प्रशासकीय अधिकृत